श्री ५ को सरकार

कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०४० सालको ऐन नं. ४

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

मुद्रा सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

प्रस्तावनाः सर्वसाधारण जनताको सुविधा र आर्थिक हित कायम राख्न मुद्रा र टक्सार सम्बन्धमा व्यवस्था गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

परिच्छेद–१

प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "मुद्रा ऐन, २०४०" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,–

(क) "बैंक" भन्नाले नेपाल राष्ट्र बैंक ऐन ,२०१२ अन्तर्गत स्थापना भएको नेपाल राष्ट्र बैंक सम्झनुपर्छ ।

(ख) "आकृति बिग्रेको" भन्नाले चोइटा उडेको, रेटेको, पिटिएको, काटिएको वा अरू यस्तै किसिमले मुद्राको सतह र आकारमा फरक परेकोलाई सम्झनुपर्छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) "टक्सार" भन्नाले दफा ३ बमोजिम स्थापना भएको टक्सार सम्झनुपर्छ ।

(घ) "खास तौल" भन्नाले कुनै मुद्राको तोकिएको तौललाई सम्झनुपर्छ ।

(ङ) "हद" भन्नाले मुद्राको खास तौल र शुद्धताको तोकिए बमोजिम घटी वा बढी हदलाई सम्झनुपर्छ ।

(च) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ ।

परिच्छेद–२

टक्सारको स्थापना र टक मार्ने

३. टक्सारको स्थापनाः (१) टक्सार स्थापना गरी मुद्रा टक मार्ने एकाधिकार बैंकलाई हुनेछ ।

(२) बैंकले श्री ५ को सरकारको स्वीकृति लिई नेपाल अधिराज्यको कुनै ठाउँमा टक्सार स्थापना गर्न सक्नेछ ।

४. मुद्रा टक मार्नेः बैंकले श्री ५ को सरकारको स्वीकृति लिई जुनसुकै मूल्य, नाप, खास तौल, शुद्धता, डिजाईन र धातुको वा मिश्रण भएको धातुको मुद्रा चलन चल्तीको निमित्त वा मुद्रा सङ्कलन गर्नेहरूको मागको पूर्तिको निमित्त वा विशेष अवसरमा टक्सारमा टकमरी गराई चलन चल्तीमा ल्याउन सक्नेछ । बैंकले आवश्यक देखेमा कुनै विदेशी टक्सारमा समेत त्यस्तो टकमरी गराउन सक्नेछ ।

तर यो ऐन प्रारम्भ हुनुभन्दा अगावै श्री ५ को सरकारको टक्सार विभागले टकमरी गराई रहेको वा गराई सकेको मुद्रा वा यस दफा अन्तर्गत एक पटक स्वीकृति लिई टकमरी गराई सकेको मुद्रालाई पुनः टकमरी गराउन परेमा श्री ५ को सरकारको स्वीकृति लिनु पर्नेछैन ।

५. विदेशी मुद्रा टक मार्नेः बैंकले श्री ५ को सरकारको स्वीकृति लिई कुनै पनि विदेशी सरकारले टकमरी गर्न पठाएको मुद्रा टकमरी गर्न सक्नेछ ।

परिच्छेद–३

मुद्रा सम्बन्धी व्यवहार

६. मुद्रा कानूनन् ग्राह्य हुनेः (१) बैंकले दफा ४ बमोजिम टकमरी गरी चलन चल्तीमा ल्याएको मुद्रा आकृति नबिग्रेको वा देहाय बमोजिमभन्दा बढी तौल घटी नसकेको भएमा मुद्रामा अङ्कित मूल्यको निमित्त नेपाल अधिराज्यभर लेनदेनको जुनसुकै कारोवारमा जतिसुकै रकमको निमित्त कानूनन् ग्राह्य हुनेछः–

(क) पचास पैसा र सोभन्दा बढी अङ्कित मूल्यको मुद्राहरूमा,–

(१) २०१० साल फाल्गुण ७ गतेभन्दा अघि चलन चल्तीमा ल्याइएका चाँदीका मुद्राहरूमा खास तौलको सयकडा दुईभन्दा बढी तौल घटी नसकेको ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४३०

(२) त्यसपछि चलन चल्तीमा ल्याइएका मुद्राहरूमा खास तौलको सयकडा चारभन्दा बढी तौल घटी नसकेको ।

(ख) पचास पैसाभन्दा कम अङ्कित मूल्यको मुद्राहरूमा,–

(१) २०१० साल फाल्गुण ७ गतेअघि चलन चल्तीमा ल्याइएका चाँदीका मुद्राहरूमा खास तौलको सयकडा दुईभन्दा बढी र अन्य धातुको मुद्रामा खास तौलको सयकडा सातभन्दा बढी तौल घटी नसकेको ।

(२) त्यसपछि चलन चल्तीमा ल्याइएका मुद्राहरूमा खास तौलको सयकडा सातभन्दा बढी तौल घटी नसकेको ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सटहीको कारोवारमा वाहेक पचास पैसाभन्दा कम अङ्कित मूल्यको मुद्रा एक रूपैयाँ भन्दा बढीको कारोवारमा लेनदेन र चलन चल्ती गर्न कर लाग्नेछैन ।

परिच्छेद–४

मुद्रा खिच्ने र खोटो तुल्याउने

७. मुद्रा खिच्नेः दफा ६ मा जुनसुकै कुरा लेखिएको भए तापनि बैंकले श्री ५ को सरकारको स्वीकृति लिई कुनै पनि साल र मूल्यको मुद्रा बैंकले तोकिएको मितिपछि चलन चल्तीमा नरहने गरी खिच्न सक्नेछ ।

८. मुद्रा काट्ने वा फुटाउनेः बैंकले दफा ४ बमोजिम टकमरी गराई चलन चल्तीमा ल्याएको मुद्राहरूमा देहायमा लेखिए बमोजिम त्रुटी छ भन्ने बैंकलाई विश्वास भएमा बैंकले त्यस्तो मुद्रा काट्न वा फुटाउन लगाउनेछः–

(क) मुद्राको तौल दफा ६ मा तोकिएको हदभन्दा घटी सकेको र,

(ख) आकृति बिग्रेको ।

९. मुद्रा काट्ने वा फुटाउने सम्बन्धी कार्यविधिः दफा ८ बमोजिम मुद्रा काट्दा वा फुटाउँदा देहाय बमोजिमको कार्यविधि अपनाउनु पर्नेछः–

(क) मुद्राको तौल दफा ६ मा तोकिएको हदभन्दा घटी सकेको छ भने बैंकले मुद्रा काटेका वा फुटाएका टुक्राहरू मुद्रा बुझाउनेलाई फिर्ता दिनेछ वा मुद्रा बुझाउनेले अनुरोध गरेमा निजलाई त्यसको मोल तोकिएको दरमा दिनेछ ।

(ख) कपटपूर्वक वा जानीजानी मुद्राको आकृति बिगारेको हो भन्ने मुनासिव माफिकको कारण भएमा बैंकले त्यस्तो मुद्रा काटेका वा फुटाएका टुक्राहरू मुद्रा बुझाउने व्यक्तिलाई फिर्ता दिनेछ र त्यस्तो मुद्राको मोल निजलाई दिनेछैन ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) कपटपूर्वक वा जानीजानी मुद्राको आकृति बिगारेको हो भन्ने मुनासिव माफिकको कारण नभएमा बैंकले आकृति बिग्रेको मुद्रा बुझी लिई मुद्रा बुझाउने व्यक्तिलाई तोकिए बमोजिम मोल भुक्तानी दिनेछ ।

परिच्छेद–५

विविध

१०. असल नियतले गरेको काममा जवाफदेही हुनु नपर्नेः (१) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमहरू बमोजिम असल नियतले गरेको कुनै काम कारवाईको सम्बन्धमा बैंकका गभर्नर, डेपुटी गभर्नर वा बैंकका कुनै अधिकृत वा कर्मचारी व्यक्तिगत वा सामूहिक रूपले जवाफदेही हुनेछैन ।

(२) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमहरूको पालन गर्नको निमित्त असल नियतले गरेको वा गर्न खोजेको कुनै कुराले हुन आएको वा हुने हानी नोक्सानीको सम्बन्धमा बैंकका कुनै पदाधिकारी, अधिकृत वा कर्मचारीको विरूद्ध कुनै अदालतमा नालिश वा उजूर लाग्नेछैन ।

११. नियम बनाउने अधिकारः (१) यस ऐनको उद्देश्य कार्यान्वित गर्न बैंकले श्री ५ को सरकारको स्वीकृति लिई नियमहरू बनाउन सक्नेछ ।

(२) उपदफा (१) ले दिएको अधिकारको सर्वमान्यतामा प्रतिकूल प्रभाव नपर्ने गरी खासगरी देहायका विषयहरूमा नियमहरू बनाउन सकिनेछः–

(क) मुद्रा काट्ने र फुटाउने कार्यविधि नियमित गर्ने ।

(ख) मुद्राको तौलको घटीबढी हद तोक्ने ।

(ग) मुद्राको मोल भुक्तानी दिने दर र तरीका निर्धारित गर्ने ।

१२. खारेजी र बचाउः (१) नेपाल मुद्रा ऐन, २०१९ खारेज गरिएको छ ।

(२) यो ऐन प्रारम्भ हुनुभन्दा अघि नेपाल मुद्रा ऐन, २०१९ बमोजिम श्री ५ को सरकारले खडा गरेको टक्सार यसै ऐन बमोजिम स्थापना भएको मानिनेछ ।

आज्ञाले,
हरिप्रसाद शर्मा
श्री ५ को सरकारको का. मु. सचिव

लालमोहर सदर मितिः– २०४०।६।२४।२

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४२२

श्री ५ को सरकार

कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०४० सालको ऐन नं. ५

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

राष्ट्र ऋण उठाउने अधिकारको व्यवस्था गर्न बनेको ऐन

प्रस्तावनाः आर्थिक वर्ष २०४०।४१ को निमित्त श्री ५ को सरकारको अर्थ सम्बन्धी प्रस्तावहरूलाई कार्यान्वयन गर्न श्री ५ को सरकारले राष्ट्र ऋण उठाउन सक्ने अधिकारको व्यवस्था गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "राष्ट्र ऋण उठाउने ऐन, २०४०" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. राष्ट्र ऋण उठाउने अधिकारः (१) आर्थिक वर्ष २०४०।४१ को निमित्त श्री ५ को सरकारको अर्थ सम्बन्धी प्रस्तावहरूलाई कार्यान्वयन गर्न श्री ५ को सरकारले हालसम्म तिर्न बाँकी ऋण रकममा थप एक अरब सन्ताउन्न करोड रूपैयाँभा नबढ्ने गरी त्यतिसम्म रकमको राष्ट्र ऋण उठाउन सक्नेछ ।

(२) उपदफा (१) अन्तर्गत उठाइएको राष्ट्र ऋणको साँवा र व्याज भुक्तानी गर्ने अवधि र सो ऋणको व्याजको दर राष्ट्र ऋण ऐन, २०१७ बमोजिम हुनेछ ।

आज्ञाले,
हरिप्रसाद शर्मा
श्री ५ को सरकारको का.मु. सचिव

लालमोहर सदर मितिः– २०४०।६।२४।२

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।